BAM

DANCE MOTION USA


photo: ODC/Dance by Mona Baroudi

# अमेरिकी आधुनिक नृत्यको संक्षिप्त इतिहास

चारमाइन पाट्रिसिया वारेन, सुजाने योङ्गरमेन, सुसन यङ्ग

२०१३

BAM

# DANCEMOTION USA[SM] को बारेमा

यो निबन्ध विश्वव्यापी दर्शकका लागि अमेरिकी नाचमा जानकारी प्रदान गर्न DanceMotion USA[SM] द्वारा उत्पादन गरिएको थियो । DanceMotion USA[SM] प्रान्तको अमेरिकी विभागको शिक्षा तथा संस्कृति मामिलाको ब्यूरोको कार्यक्रम हो, जुन पारस्परिक बुझाइलाई सहजीकरण गर्दै राम्रो कन्टेम्पोररी अमेरिकी नाच विदेशमा देखाउन बाम (ब्रुकलिन एकेडेमी अफ म्यूजिक) को उत्पादन हो । DanceMotion USA[SM] ले अद्वितीय नागरिकहरू सृजना गर्न मुख्य सांस्कृतिक, सामाजिक सेवा र समुदायमा आधारित संस्थाहरू र शैक्षिक इन्स्टिच्यूसनहरूसँग युएस राजदूतावासको साझेदारी गर्न सहायता गर्छ, जसले अन्तरक्रिया र संलग्नतालाई अनुमति दिन्छ । व्यक्तिबाट व्यक्तिसँग अन्तरक्रियाको अतिरिक्त कार्यक्रम राजदूतावास र राजदूतावासको पुस्तकालयमा राखिएका शैक्षिक स्रोतहरू र सक्रिय सामाजिक र डिजिटल मिडिया योजनाबाट धेरै दर्शकसम्म पुगेको छ ।

**कृपया dancemotionusa.org मा हेर्नुहोस्**

DANCE MOTION USA

BAM

# लेखकको बारेमा

## चारमाइन पाट्रिसिया वारेन

चारमाइन पाट्रिसिया वारेन प्रस्तुतकर्ता, इतिहासकार, परामर्शदाता र नाच लेखक हुनुहुन्छ । उनी हन्टर कलेज, केन विश्वविद्यालय, इम्पायर स्टेट कलेजस् अनलाइन प्रोग्रम सेन्टर फर डिस्टेन्स लर्निङ र दि जोफ्रे ब्यालेट स्कुलस् ज्याज एण्ड कन्टेम्पोररी ट्रेनि प्रोग्राममा फ्याकल्टी सदस्य पनि हुनुहुन्छ । श्रीमती वारेन दि एइली स्कुल र एइली/फोर्डहयाम विश्वविद्यालय डान्स मेजर कार्यक्रमकी भूतपूर्व फ्याकल्टी सदस्य पनि हुन् । उनले होवार्ड विश्वविद्यालयबाट इतिहासमा पिएच.डी., डान्स अनुसन्धानमा स्नाकोत्तर, पुनर्निर्माण र कोरियोग्राफी सीयुएनवाइ सीटी कलेजबाट गर्नुभएको छ र दुई वटा स्नातकः एउटा स्पिच एण्ड थिएटर/डान्स र अर्को मोन्टक्लेर स्टेट कलेजबाट अङ्ग्रेजीमा ।

श्रीमती वारेको ज्ञानको क्षेत्रहरूमा पश्चिमेली डान्स इतिहास, अमेरिकी डान्समा काला परम्परा र जमैकाली डान्स समेत पर्दछन् । उनीले १९८९- २००० सम्म अन्तर्राष्ट्रिय रूपमा चिनिएको डेभिड रोउसभ/रियालिटीमा समेत गरी धेरै वर्षसम्म मुख्य न्यूयोर्क डान्स कम्पनीहरूसँग नाच प्रस्तुत गर्नुभयो । उनीले आधुनिक नाच, कन्टेम्पोररी शैलीहरू र योगाको मिश्रणको आधारमा अभियान कक्षामा सिकाउनु भयो ।

श्रीमती वारेन हार्लेम स्टेजको डान्स सेरिज, इमुभस् को लागि सहसुपरीवेक्षक र The Wassaic Project Festival मा नाचको लागि मुख्य सुपरीवेक्षक हुन् । श्रीमती वारेन दश वर्षभन्दा धेरै समय न्यूयोर्क डान्स र पर्फर्मेन्स अवार्डस् समिति (बीइएसएसआइइएस) को सदस्य पनि हुनुहुन्थ्यो ।

हालमा उनले अन्य पब्लिकेसनहरू बीचमा *डान्स म्यागेजिन र दि न्यूयोर्क अम्स्टर्डाम न्यूजको* लागि नाचमा लेख लेख्नुभएको छ । उनका हालैका लेखहरू *JW Marriott's* वेबसाइट र बामको १५० औं वार्षिकी पुस्तक बामः दि कम्प्लिट वर्कस्, स्टिभिन साराफिनबाट सम्पादन गरिएको पुस्तकमा पाइन्छ ।

## सुजाने योङ्गरमेन

सुजाने योङ्गरमेन बामको शैक्षिक र मानविकीको विभागको लागि सुपरीवेक्षक परामर्शदाता हुन्, जहाँ उनी शिक्षा र पारिवारिक कार्यक्रमकी भूतपूर्व निर्देशक हुनुहुन्थ्यो । बाममा तिनको स्थानलाई ध्यान दिँदै प्राथमिकता दिँदा उनी योङ्ग अडियन्स/न्यूयोर्कको कार्यक्रम, शिक्षामा कला संस्थाकी कार्यक्रम निर्देशक हुनुहुन्थ्यो, जसलाई सन् १९९४ मा कलामा राष्ट्रिय तक्माबाट सम्मानित गरिएको थियो र लाबान/बार्टेनिफ इन्स्टिच्यूट अफ मुभमेन्ट स्टडिज्को कार्यकारी निर्देशक हुनुहुन्थ्यो । विगतमा डा. योङ्गरमेन न्यूयोर्क विश्वविद्यालयमा पर्फर्मेन्स स्टडिज् विभागमा दीक्षान्तित डान्स अनुसन्धान कार्यक्रम, ग्राजुएट स्कुल अफ आर्टस् एण्ड साइन्स/टिस्च स्कुल अफ दि आर्टस्को सहप्रोफेसर र निर्देशक हुनुहुन्थ्यो । उनी मल्टी भोल्युम इन्टरनेसनल इन्साइक्लोपेडिया अफ डान्स (अक्सफोर्ड युनिभर्सिटी प्रेस, १९९८) की सम्पादक समितिमा थिइन्, सैयौं लेखहरू लिन र सम्पादन गर्न जिम्मेवार हुनुहुन्थ्यो । उनीसँग बर्नार्ड कलेजबाट बिए र विशेष गरी कलाको मानवशस्त्रीय अध्ययनमा कोलम्बिया विश्वविद्यालयबाट मानवशास्त्रमा पिएच.डी. लिनुभएको छ । उनीले नाचको मानवशास्त्र र इतिहासमा धेरै लेखहरू प्रकाशित गर्नुभएको छ ।

## सुसन यङ्ग

बाममा पब्लिकेसन व्यवस्थापक सुसन यङ्गले कार्यक्रमहरू, सम्पादकीय विषय र विभिन्न परियोजनाहरू उत्पादन गर्नुहुन्छ र सम्पादन गर्नुहुन्छ र BAM Blog मा सहायता गर्नुहुन्छ । उनी बामः द कम्प्लिट वर्कस्मा सहसम्पादक हुनुहुन्थ्यो, संस्थाको १५० वर्ष मनाउँदै गरेको ठूलो पुस्तक र पिना बाउस्च र बिल टि. जोन्सको साथमा आइकोनिक कलाकारहरूमा भएका धेरै निबन्धहरूमा सहायता गर्नुभएको छ । नाच र दृश्य कलामा केन्द्रित भएकी अस्थायी लेखकको रूपमा तिनले Ephemeralist.com मा ब्लग लेख्नुहुन्छ र डान्स पत्रिका, डब्लुएनइटीज् सन्डे आर्टस् ब्लग, पोन्टे, भिलेज भोइस, ब्यालेट तान्ज (बर्लिन), ब्रुकलिन रेल र अन्य धेरैका साथमा विभिन्न पब्लिकेसनहरू र वेबसाइटहरूमा सहायता गर्नुभएको छ । युङ्गले आठ वर्ष बेसी अवार्ड समितिमा सेवा गर्नुभएको थियो र विभिन्न सांस्कृतिक उपहार र अवार्ड दिने संस्थाहरूका लागि निर्णायक हुनुभएकी छिन् ।

BAM

## परिचय

अमेरिकाको विकास नृत्यसँगै भयो। अमेरिकी सडकदेखि रङ्गमञ्चसम्म, नृत्यले दैनिक भावहरू, सामाजिक नृत्यहरू, सांस्कृतिक तत्वहरू, सामाजिक तथा राजनैतिक मुद्दाहरू र अध्यात्मलाई समेट्छ। यी स्रोतहरू–स्वतन्त्र, जोखिम-वहन, अन्वेषण, र दृढतासँग सम्मिलित छन्–अमेरिकी आधुनिक नृत्यलाई आकार दिएका छन्। यसका विविध गतिविधि शब्दावलीहरू, व्यक्तिगत नृत्यशास्त्र प्रेरणाहरू र सामाजिक र सांस्कृतिक सरोकारहरूको साथमा अमेरिकी आधुनिक नृत्य एउटा अनमोल कसी वा राष्ट्रिय खजाना हो।

1900 औं दशकको सुरुमा यसको जन्मदेखि अमेरिकी आधुनिक नृत्य घरमा एउटा सांस्कृतिक मुख्य-आधार बनेको छ र विदेशमा अमेरिकी संस्कृतिको एउटा महत्त्वपूर्ण राजदूत बनेको छ। यस किसिमको नृत्य पिँढीहरूको काम निर्माण गर्न, राजद्रोह विरोधी, उनीहरूको सल्लाहकार, नवप्रवर्तकद्वारा अंकित वंश सिर्जना गर्ने रूपमा विकसित भएको छ। इतिहासबाट थाहा भएअनुसार यो सुव्यवस्थित रूपमा परिभाषित शैली होइन तर बरु खोज गर्न र मानव गतिविधिको अर्थपूर्ण सम्भावना साझा गर्नको लागि एउटा लगातार विकसित खोज हो।

## सुरुवात (प्रारम्भिक 1900 को दशक): (THE BEGINNING (EARLY 1900S):) पथ प्रदर्शकहरू (THE PIONEERS)

अमेरिकी आधुनिक नृत्य, जुन ठूला सांस्कृतिक शक्तिहरूसँग बाँधिएका छन्, तिनीहरू शरीर र आत्माको स्वतन्त्रता, आत्माभिव्यक्तिको खोज र अमेरिकाको विशाल सामर्थ्यमा आधारित आदर्शवादी भावहरूद्वारा निर्देशित आदर्शवाद र विद्रोहमा उत्पन्न भएको हो। यसको सुरुवात Isadora Duncan (1877-1927) सम्म भेट्टाउन सकिन्छ। उहाँले ब्यालेट प्रदर्शनहरू र लोकप्रिय मनोरञ्जनहरूको विरुद्धमा जाँदै, उहाँले चालको प्राकृतिक ढाँचा पत्ता लगाउन र नृत्यलाई विचारहरू र भावहरू व्यक्त गर्ने गम्भीर कलाको रूपमा विकसित गर्ने प्रयत्न गर्नुभयो। उहाँको नृत्यहरूले समाजमा सुधारका कार्यहरूसित सम्बन्ध जनाउँथे, विशेषगरी महिलाको अधिकारहरूको सम्बन्धमा। अमेरिकी भए पनि डुन्कान (Duncan) ले प्राथमिक रूपमा युरोपमा प्रदर्शन गर्नुभयो, जहाँ उहाँले स्कुलहरूको स्थापना पनि गर्नुभयो-जुन प्रभुत्वहरूको अन्तर्राष्ट्रिय सञ्जालको सुरुवात थियो।

अन्य प्रवर्तकहरूमा निम्न पर्दछन्: Loie Fuller, Maud Allan, र Ruth St. Denis (1879-1968) र Ted Shawn (1891-1972)। सेन्ट डेनिस (St. Denis) र शन (Shawn) ले प्रेरणाको लागि सङ्गीत र अन्य संस्कृतिहरूमा फर्कनुभयो र "सङ्गीतरूपक कल्पनाहरू" को आविष्कार गर्नुभयो, जसमा नृत्यले सङ्गीतको गुणलाई प्रस्तुत गर्थ्यो। उनीहरूले नेटिभ अमेरिकी, दक्षिण अफ्रिकी, स्पेनिस र एसियन लगायत अन्य संस्कृतिहरूको नृत्य शलीहरू र संस्कारहरूको अनुवादहरूको नृत्य-निर्देशन गर्नुभयो र ती ठाउँहरूको यात्रा गर्नुभयो।

शनले पुरुष नृत्यकारहरूको एउटा कम्पनी बनाउनुभयो, उहाँले सेन्ट डेनिससँग विवाह गर्नुभयो र सँगै मिलेर उहाँहरूले क्यालिफोर्नियामा (र पछि न्यू योर्कमा) डेनिशन स्कुलको स्थापना गर्नुभयो। ब्यालेटको विपरीत जाँदै उहाँहरूले "नयाँ" र "प्राकृतिक" नृत्य शैलीहरू खोज्नुभयो। मासाचुसेट्स (Massachusetts) मा 1933 मा शनले एउटा नृत्य आश्रयस्थलको स्थापना गर्नुभयो, जुन पछि गएर Jacob's Pillow Dance Festival बन्न पुग्यो।

## खोजसम्मको बाटो (1920-30 को दशक): (THE ROAD TO DISCOVERY (1920S-30S)): पहिलो पुस्ता (THE FIRST GENERATION)

डेनिशनद्वारा प्रशिक्षित नृत्यकारहरू Martha Graham (1894-1991), Doris Humphrey (1895-1958) र Charles Weidman (1891-1972) ले उनीहरूको आफ्नै नृत्य बनाउनको लागि मध्य 1920 मा स्कुल छोडेका थिए। उहाँहरूले आफ्ना गुरुहरूको शैली र सिद्धान्त अस्वीकार गर्दै दुवै व्यक्तिगत वक्तव्य र अमेरिकी जीवनलाई व्यक्त गर्ने नृत्य रचना गर्ने विकल्प चयन गर्नुभयो, जुन आधुनिक नृत्यमा बारम्बार आउने दुईवटा प्रसङ्गहरू हुन्।

नृत्यले आत्माको "भित्री अन्तरदृश्य" देखाउँछ भन्ने कुरामा विश्वास गर्दै ग्राहमले श्वास "लिने" र "छोड्ने" कार्यमा महत्त्व दिनुभयो। उहाँको सङ्कलनले अमेरिकी वस्तुमा आधारित नृत्यहरू सम्मिलित गर्थ्यो, जस्तैः *Frontier* र *Appalachian Spring*, ग्रिक पौराणिक कथाहरू (*Clytemnestra*), भाव (*Lamentation*), र इतिहास (*Seraphic Dialogue*)। उहाँको कम्पनी र स्कुलले उहाँको मृत्युपछि पनि निरन्तरता पाएको छ।

हम्फ्रे (Humphrey) र विडम्यान (Weidman) ले एउटा स्कुल र कम्पनीको स्थापना गर्नुभयो। हम्फ्रेको शैली प्रकृतिको विश्लेषणबाट विकसित भएको हो। उहाँले "लड्ने र उठ्ने" कार्यमा, गुरुत्वाकर्षणप्रति शरीरको प्रतिक्रियामा नृत्यशैली पाउनुभयो र नृत्य-निर्देशनको यस शिक्षणलाई नृत्यहरू रचना गर्ने कला (The Art of Making Dances) नामक पुस्तकमा उठाउनुभयो। सम्फ्रि-विडम्यान (Humphrey-Weidman) अमेरिकी विषयवस्तुहरूमा (*The Shakers*), सामाजिक मामिलाहरू (*Lynchtown*) र सामाजिक अनुरूपताप्रति आकर्षित हुनुभयो (New Dance)।

युरोपमा (मुख्य रूपमा जर्मनीमा) Ausdruckstanz वा भाव अभिव्यक्त गर्ने नृत्यले अमेरिकी नृत्यमा प्रभाव पार्दै थियो; मार्गदर्शकहरू थिए, रुडोल्फ भन लाबान (Rudolf von Laban) र उहाँका विद्यार्थीहरू कर्ट जोस (Kurt Jooss) र मेरी विङ्गम्यान (Mary Wigman)। विङ्गम्यानको विद्यार्थी Hanya Holm (1893-1992) यस शैलीलाई लिएर 1931 मा संयुक्त राज्यमा आउनुभयो।

# BAM

1930 को दशकमा आधुनिक नृत्य नयाँ शैलीबाट कलाको एउटा मान्यताप्राप्त ढाँचामा परिणत भयो। विश्वविद्यालयहरूले यसलाई शारीरिक शिक्षा वा कला प्रदर्शन विभागमा समावेश गर्यो। भरमन्टको बेनिङ्टन कलेज मा रहेको Bennington Summer School of Dance (1934-1942) ले उत्सवहरूको आयोजना गर्यो–जुन धेरै नृत्यकारहरू, नृत्य-निर्देशकहरू र प्रशिक्षकहरूको लागि तालिमस्थल थियो। सङ्गीत निर्देशक र नृत्य रचना शिक्षक लुइस होर्स्ट (Louis Horst) (1884-1964) मार्था ग्राहामको निकट हुनुहुन्थ्यो र विश्वविद्यालयहरू, नृत्य स्कुलहरू र उत्सवहरूमा पढाउनुहुन्थ्यो। विश्वविद्यालयहरूले पनि नृत्यको आयुक्तहरू र प्रस्तुतकर्ताहरूको नेतृत्व गर्दै आएको छ। नृत्य-निर्देशक Brenda Way ले 1971 मा ओहायोको ओबर्लिन कलेजमा ODC/Dance को स्थापना गर्नुभयो र त्यसपछि 1976 मा स्यानफ्रेन्सिस्कोमा जानुभयो।

साथसाथै, अफ्रिकी अमेरिकीहरूले पनि अमेरिकी आधुनिक नृत्यमा पृथक आवाजको सिर्जना गर्दै थिए। हार्लेम पुनर्जागरणको दौरान, जुन समयमा तनावपूर्ण जातीय तनावहरू थियो, Hemsley Winfield (1906-1934), Edna Guy (1907-1982) (जसले पनि डेनिशनमा अध्ययन गर्नुभएको थियो) र सियरा लिओनका Asadata Dafora (1890-1965) ले नृत्य, नाटक र ओपेराको नृत्य-निर्देशन, निर्माण र प्रस्तुति गर्नुभयो। विन्फिल्ड (Winfield) र गाइ (Guy) ले 1931 मा न्यूयोर्क सिटीमा The first Negro dance recital in America नामक शीर्षक भएको प्रदर्शन प्रस्तुत गर्नुभएको थियो र डाफोरा (Dafora) ले नृत्य नाटकहरूमा अफ्रिकी प्रभावहरूलाई प्रधानता दिनुभएको थियो।

Katherine Dunham (1909-2006) ले ब्यालेट नेग्रे नामक आधुनिक नृत्य कम्पनी बनाउनुभयो। उहाँले क्यारिबियन अफ्रिकी डियास्पोरा (diaspora), विशेषगरी हाइटीको नृत्यहरूको अनुसन्धान गर्नुभयो। उहाँको प्रभावकारी शैलीले अफ्रिकी नृत्यलाई आकर्षित गर्यो; उहाँले इस्ट सेन्ट लोइस, इलिनोइसमा एउटा स्कुलको स्थापना गर्नुभयो र उहाँको परम्पराका कथाहरूलाई रंगमंचमा ल्याउनुभयो। उदाहरणहरूमा निम्न पर्छन्; *L'Ag'Ya*, *Barrelhouse Blues* र *Stormy Weather* नामक चलचित्रको नृत्य निर्देशन। उहाँले काला परम्परामा रहेका नृत्य-निर्देशकहरूलाई प्रभाव पार्नुभएको थियो, जस्तैः Talley Beatty (Mourner's Bench), Syvilla Fort, र Walter Nicks । डनहाम (Dunham) शैली महत्त्वपूर्ण रहँदै आएको छ।

*Helen Tamiris (1905-1966)*, अफ्रिकी अमेरिकी नभए पनि उहाँ आफ्नो नाच श्रृङ्खला *Negro Spirituals* को लागि प्रसिद्ध हुनुहुन्थ्यो। होल्म (Holm) का विद्यार्थीहरूद्वारा स्थापित द न्यू डान्स ग्रुप (The New Dance Group) ले सामाजिक मामिलाहरूमा ध्यान केन्द्रित गर्थ्यो। हमफ्रि-विडम्यान (Humphrey-Weidman) र कालाहरूका परम्परालाई समावेश गर्ने समूहलाई विस्तारित गरिएको थियो। लस एन्जेलेस, क्यालिफोर्नियामा रहेको Lester Horton (1906-1953) डान्स थिएटरले अल्पसङ्ख्यक जातीय समूहहरूको चाल्ने शैलीहरूद्वारा प्रभावित भयो र यो संयुक्त राज्यको पहिलो जातीय-रूपमा समायोजित नृत्य कम्पनी थियो।

अमेरिकी आधुनिक नृत्यका धेरै अनुहारहरू (1940-50 को दशक): (THE MANY FACES OF AMERICAN MODERN DANCE (1940S-50S):) दोस्रो पुस्ता (THE SECOND GENERATION)

1950 को दशकमा प्रमुख कम्पनीका नृत्यकारहरूले मण्डलीहरूको सिर्जना गरे। ग्राहाम (Graham) परम्परामा यिनीहरूले निम्न समावेश गर्छन्: Pearl Lang, Sophie Maslow, र Jane Dudley; हमफ्रि-विडम्यान (Humphrey-Weidman) परम्परामा: होजे लिमन (José Limón), साइबिल शियरर (Sybil Shearer) र केथरिन लिट्ज (Katherine Litz); र होल्म (Holm) परम्परामा: भलेरी बेटिस (Valerie Bettis), अल्विन निकोलाइस (Alwin Nikolais), उहाँको विद्यार्थी मुरे लुइस (Murray Louis)।

José Limón (1908-1972) ले आफ्नो कम्पनीमा धेरै हम्फ्रि (Humphrey) नृत्यहरू देखाउनुभयो। लिमन (Limón) ले आफ्नो मेक्सिन परम्परादवारा प्रभावित भए (La Malinche, Carlota); अन्य प्रसिद्ध कार्यहरूमा *The Moor's Pavane* र *There is a Time* पर्दछ। Alwin Nikolais (1912-1993) र Murray Louis (b. 1926) का कार्यहरूले उनीहरूको शिक्षक होल्म (Holm) को जर्मन प्रभाव प्रतिबिम्बित गर्छ, तर यो प्रपहरू, पहिरनहरू, प्रकाश र शरीरको रूप बदल्ने प्रभावहरूको लागि प्रसिद्ध छ। अन्यहरू उनीहरूको मूल नृत्यहरूबाट मौलिक रूपमा छुट्टिए। यी प्रमुखहरूमध्ये तीनजना ग्राहम (Graham) का प्रमुख नृत्यकारहरू थिए: Merce Cunningham, Erick Hawkins, र Paul Taylor।

Merce Cunningham (1919-2009), जो गतिविधिहरू, ध्वनिहरू, चालहरू र अनपेक्षित कुराप्रति आकर्षित प्रयोगवादी हुनुहुन्थ्यो; उहाँले 1945 मा ग्राहाम कम्पनी छोड्नुभयो र 1952 मा विवरणात्मकबाट अलग abstract style को विकास गर्न आफ्नै कम्पनी बनाउनुभयो। कनिङ्ह्याम (Cunningham) र रचनाकार John Cage ले नृत्यको रचना गर्नको लागि मौलिक विधिहरू ल्याउनुभयो, जस्तैः सम्भावना पद्धतिको प्रयोग। सङ्गीत, पहिरन र सेटको बनावटलाई चालबाट विच्छेद गरियो। 90 वर्षको उमेरमा चालका नयाँ अन्दाजहरू ल्याउन कम्प्युटर सफ्टवेयर र रेडियोहेडको नयाँ सङ्गीत प्रयोग गरेर कनिङ्ह्यामले अन्त्यसम्म नयाँ गर्ने प्रयास गर्नुभयो। कनिङ्ह्याम (Cunningham) पहिलो पटक 1952 मा BAM मा आफूलाई प्रदर्शन गर्नुभयो, जसले 2009 मा कनिङ्ह्याम (Cunningham) को मृत्यु हुनुभन्दा अगाडि उहाँको *Nearly Ninety* प्रस्तुत गरेको थियो।

Erick Hawkins (1909-1994) ले प्रकृतिबाट प्रेरित चालहरूको विकास गर्नुभयो, जुन ग्राहमको शैलीमा रहेको तनावको विपरीत थियो। Paul Taylor (b. 1930) ले स्वतन्त्र रूपमा चल्ने, अलग चालहरूको शैलीको विकास गर्नुभयो। उहाँको नृत्यहरूले चयनशील श्रृङ्खलालाई समावेश गर्छ: जुन जटिल ढाँचाहरू

BAM

वा साङ्गीतिक रचना साथसाथै विवेक, व्यङ्ग्य वा गम्भीर सामाजिक र मनोवैज्ञानिक व्याख्याले भरिएको कथाहरूभन्दा अलग छ।

Pearl Primus (1919-1994) ले अफ्रिकी-अमेरिकी संस्कृति र जीवनको बारेमा भन्ने फुर्तिला र साहसी नृत्यहरू बनाउनुभयो, जस्तैः *Hard Time Blues* जुन साझेदारीमा गरिने खेतीको बारेमा हो र *Fanga*, जुन परम्परागत लाइबेरियन नृत्यमा आधारित छ; उहाँले पश्चिम अफ्रिकी नृत्यको अध्ययन गर्नुभएको थियो। डनहाम (Dunham) र उहाँका साथीहरूद्वारा प्रेरित र प्रशिक्षित, Alvin Ailey, जसले एल्भिन ऐले अमेरिकी डान्स कम्पनी (Alvin Ailey American Dance Company) को स्थापना गर्नको लागि कार्मेन डि लाभालाडे (Carmen De Lavallade) सँग सहकार्य गर्नुभएको थियो, उहाँको उदय 1950 को दशकमा भएको थियो।

नृत्यलाई “नाइँ” भन्नुहोस् सांस्कृतिक पहिचानको रूपमा नृत्य गर्नुहोस् (1960 को दशक) (SAY “NO” TO DANCE AND DANCE AS CULTURAL IDENTITY (1960S))

1960 को दशकले संयुक्त राज्यमा सामाजिक विद्रोह ल्यायो। आधुनिक नृत्यले यसलाई प्रतिबिम्बित र प्रभावित गर्यो। केही चुनिन्घान (Cunningham) नृत्यकारहरूले, उदाहरणको लागि, उहाँले शैलीमा दिनुभएको जोरलाई अस्वीकार गरे र तिनीहरूको उदय आधुनिकतावाद पछिका कलाकारको रूपमा भयो।

प्रभावकारी Judson Period (1962-1968) को नाम न्यूयोर्कमा रहेको नवीन कलाकारहरूको प्रदर्शन स्थल जुड्सन चर्चको नामबाट राखिएको हो। यी क्रान्तिकारीहरूमा David Gordon, Yvonne Rainer, Trisha Brown, Steve Paxton, र Deborah Hay सम्मिलित छन्, तिनीहरू कनिङ्हाम (Cunningham) को उपवादक रोबर्ट डन (Robert Dunn) को नेतृत्वमा रहेको विद्रोह कार्यशालाहरूमा मिलेर काम गरे र 1962 मा तिनीहरूले आफ्नो पहिलो कार्यक्रम प्रस्तुत गरे। अन्य नृत्य-निर्देशकहरूमा निम्नहरू पर्छन्: Meredith Monk, Lucinda Childs र Kenneth King ।

Yvonne Rainer (b. 1934) ले आधुनिकतावादपछिको मामिलाहरूलाई उहाँको 1965 को “No Manifesto” मा खुलासा गर्नुभयो। रेनर (Rainer) को *Trio A* ले जुड्सन (Judson) नृत्य-निर्देशकहरूले खोज्नुभएको छोटो-भन्दा-छोटो बनाउने सिद्धान्तको उदाहरण दिन्छ; उनीहरूले नृत्यको प्रकृतिमाथि नै प्रश्न उठाए र चाललाई अभिव्यक्तिको रूपमा नभएर समस्याको समाधानको रूपमा हेरे। उनीहरूले नृत्यकारहरूले प्रयोग नगर्ने, दैनिक चालहरूलाई प्रयोग गरे र कलाकारहरू र दर्शकहरूको बीचको सीमालाई नै मेटाउँदै अपरम्परागत ठाउँहरूमा प्रदर्शन गरे। स्टिभ प्याक्सटन (Steve Paxton) र अन्यहरूले छुवाइमा सुधारहरू ल्याउनुभयो--लयमा चलिरहेका नृत्यकारहरूको बीचमा वजनको आदान-प्रदान।

1960 को दशकले प्रश्नहरू उठायो: आधुनिक नृत्यले चाल, व्यक्तिगत वा सांकृतिक भाव, कथा भन्ने वा राजनैतिक/सांस्कृतिक मामिलाहरूमध्ये के कुराको अन्वेषण गर्नुपर्छ? चाल, प्राकृतिक वा कृत्रिम (निपुण र प्रवीण), कस्तो हुनुपर्छ?

अफ्रिकी अमेरिकीहरू–ऐलि (Ailey), Donald McKayle, बेटी (Beatty) र अन्यहरूले– नृत्य प्रक्रियाको अंशको रूपमा रहेका व्यक्तिहरूसँग संचार गर्नको लागि हो भन्ने कुरामा जोड दिए। 1960 को दशकको नागरिक अधिकार आन्दोलनले 1968 मा Dayton Contemporary Dance Company को स्थापना गर्नुहुने Jeraldyne Blunden सहितका काला जातिका नृत्य-निर्देशकहरूलाई प्रेरणा प्रदान गर्यो। Eleo Pomare, Rod Rodgers, Ishmael Houston Jones, Blondell Cummings र Gus Solomons Jr. लाई भने जुड्सन (Judson) ले प्भाव पार्नुभएको थियो।

1960 को दशकमा, Alvin Ailey’s (1931-1989) को कम्पनी, ऐतिहासिक र आधुनिक प्रसङ्गहरूलाई सम्मिलित गर्ने उहाँको पृथक नृत्य-निर्देशनको कारणले गर्दा ख्याति प्राप्त गर्यो। तबबाट एल्भिन ऐलि अमेरिकी डान्स थिएटर (Alvin Ailey American Dance Theater) ले 70 भन्दा बढी देशहरूमा प्रदर्शन गरिसकेको छ, जसमा संयुक्त राज्यलाई विदेशमा प्रतिनिधित्व गर्ने पहिलो अफ्रिकी-अमेरिकी कम्पनीको रूपमा राज्य विभागद्वारा प्रायोजित 1970 मा गरिएको रसियाको भ्रमणमा सम्मिलित छ। अफ्रिकी अमेरिकी संस्कृतिको बारेमा रहेको ऐलि (Ailey) को कार्य—*Blues Suite* र *Revelations*—ले नाम कमायो। Revelations ले पृथकतावादको लय र श्रद्धाको भूमिकालाई दर्शाउँछ। सङ्कलनले नृत्य-निर्देशकहरूको एउटा विस्तृत श्रेणीलाई समावेश गर्छ। 50 वर्षभन्दा बढीको लागि कम्पनी र ऐलि स्कुल (Ailey School) ले डुनहाम (Dunham), प्रिमस (Primus), बेटी (Beatty) र मेक्केल (McKayle) र George Faison, Camille Brown, Ulysses Dove, आधुनिक नृत्य रचनाकारहरू र जावोल विला जो जोलर (Jawole Willa Jo Zollar), रोनाल्ड के. ब्राउन (Ronald K. Brown) र रेनि हयारिस (Rennie Harris) द्वारा गरिएका कार्यहरूलाई प्रस्तुत गरेका छन्।

BAM

नृत्यमा जातीय पहिचान देखाउनु बढिरहेको प्रवृत्ति थियो। ग्राहाम (Graham) का चेलाहरू मास्लो (Maslow) र ल्याङ्ग (Lang) यहूदी संस्कृति र एसियाली अमेरिकीहरूजस्तै Kei Takei बाट प्रेरणा लिइएका जापानी चालहरू र प्रसङ्गहरूतिर आकर्षित भए।

पछिल्लो आधुनिकतावाद र मिश्रण शैलीहरू (1970 को दशक) (LATE MODERNISM AND MELDING STYLES (1970S))

1960 को दशकका प्रयोगवादीहरूले 1970 को दशकमा पनि कार्य जारी राखे। पाक्सटन (Paxton), गर्डन (Gordon), रेइनर (Rainer) र ब्राउन (Brown) द ग्रान्ड युनियन (The Grand Union) को रूपमा स्थापित भए र जुड्सन (Judson) सिद्धान्तलाई विस्तारित गरे। आधुनिक नृत्यका दुईवटा क्याम्पहरू छन्: प्राविधिक र नृत्य विरोधी/शैली। Lar Lubovitch, Jennifer Muller, Lucinda Childs, र Twyla Tharp ले शैलीहरूको आवश्यकता पर्ने नृत्यहरूलाई निर्देशन गर्नुभयो। अन्यहरूको लागि,—Meredith Monk, Martha Clarke, Elizabeth Streb, Pilobolus, र Anna Halprin—लक्ष्य भनेको नृत्यको धारणालाई नै पुन: आविष्कार गर्नु थियो।

नृत्यभन्दा बाहिरका सुन्दरताबोधको प्रयोग गर्ने ब्राउन, चाइल्डस् र थार्प लगायतका 1960-70 को दशकका धेरै नृत्य-निर्देशकहरूले प्रवीण चाल, व्याख्या र ब्यालेट ग्रहण गरे। ODC/नृत्य "एक दशकको पदयात्री अन्वेषणदेखि लिएर नवीन नृत्यहरूमा प्रवीण शैली र विषयवस्तुको खोजपश्चात् फर्कने कम्पनीहरूमध्ये एक थियो।

Trisha Brown (b. 1936) ले 1970 मा आफ्नो कम्पनीको स्थापना गर्नुभयो। उहाँको चञ्चल, अप्रत्यासित नृत्य-निर्देशन, स्थान-विशेष कार्यदेखि लिएर पूर्ण ओपेराहरूको नृत्य-निर्देशनसम्म फैलिएको छ। सहकर्ताहरूमा कलाकार रोबर्ट राउस्चेनबर्ग (Robert Rauschenberg) र रचनाकार लाउरी एन्डरसन (Laurie Anderson) पर्छन्।

Twyla Tharp (b. 1941) ले जुड्सोनाइटस् (Judsonites) द्वारा अस्वीकृत कुरालाई पुन: ल्याउनुभयो - नृत्य शैलीमा प्रवीणता, आधुनिक नृत्यसँग ब्यालेटको मिश्रण। Deuce Coupe, जुन बिच बोइज (Beach Boys) को पप सङ्गीतमा आधारित थियो, यसले छजना कम्पनी सदस्यहरू र 14 वटा ब्यालेट नृत्यकारहरू राखेको थियो।

कालाहरूको नृत्यको परम्परामा व्यक्तिवादको विकास भयो। Dianne McIntyre's (b. 1946) को कम्पनी साउन्डस् इन मोसन (Sounds in Motion) को उदय 1970 को दशकमा भयो, जसले सङ्गीत र चालको माध्यमबाट कथाहरू (दास प्रथा, कालाहरूको उत्तरी बसाइ सराइ) भन्ने गर्थ्यो। अर्बन बुस वुमेन (Urban Bush Women) को स्थापक जोलार (Zollar) ले मेक्लिनटायर (McIntyre) सँग अध्ययन गर्नुभएको थियो। अन्य शसक्त आवाजहरूमा Joel Hall Dancers, Joan Myers Brown (Philadanco), Cleo Parker Robinson Dance Ensemble, Ann Williams (Dallas Black Dance Theatre), र Garth Fagan Dance पर्दछन्।

विविध सुन्दरताबोध र व्यक्तिगत नृत्य इतिहासहरू (1980 को दशक) (DIVERSE AESTHETICS AND DANCING PERSONAL HISTORIES (1980S ON))

1980-90 को दशकमा आधुनिक नृत्य-निर्देशकहरूले उनीहरूका आफ्नै पहिचानका इतिहासहरू र मामिलाहरूमा ध्यान केन्द्रित गरे वा पाठ, सङ्गीत, सेट/ पहिरन बनावट, नयाँ प्रविधिसँग बहु-विषयक प्रसङ्गमा गए।

Bill T. Jones/Arnie Zane Dance Company को स्थापना 1983 मा स्पर्शमा सुधार, व्यक्तिगत व्याख्या, सामाजिक व्याख्या, पाठ, शुद्ध चाल र थपको साथमा भएको थियो। अफ्रिकी-अमेरिकी इतिहासमा आधारित धेरै कामहरूमा निम्न पर्दछ: *Fondly Do We Hope... Fervently Do We Pray* (सङ्युक्त राज्यको राष्ट्रपति अब्राहम लिङ्कन (Abraham Lincoln) मा आधारित)। जोन्स् (Jones) ले कठिन विषय वस्तुहरूको सामना गर्छ; *Still/Here* ले AIDS लाग्दाको जीवनको अन्वेषण गर्छ (जसले गर्दा जेन (Zane) को मृत्यु भयो)।

Mark Morris (b. 1956) ले 1980 मा मार्क मोरिस डान्स ग्रुप (Mark Morris Dance Group) को स्थापना गर्नुभयो र विविध सङ्कलन र उहाँको सङ्गीतको लागि प्रख्यात हुनुहुन्छ। उहाँको कामहरूमा अद्भुत एकलहरूदेखि लिएर पूर्ण काल्पनिक कार्यहरू, ब्यालेट र ओपेरा कम्पनीहरूको लागि नृत्य-निर्देशन पर्छन्। पूर्ण कार्यहरूमा *The Hard Nut* (The Nutcracker को एउटा अद्यावधिक), *L'Allegro, il Penseroso ed il Moderato* र *Mozart Dances* पर्दछ।

प्रारम्भिक आधुनिक नृत्यले आफूलाई ब्यालेटको विपरीत परिभाषित गर्यो तर दशकहरू बित्दै गर्दा आधुनिक नृत्य र ब्यालेटले एकअर्कामा प्रभाव पार्यो। ट्वाइला थार्प (Twyla Tharp), मार्क मोरिस (Mark Morris) र ट्रिसा ब्राउन (Trisha Brown) जस्ता प्रमुख आधुनिक नृत्य-निर्देशकहरूले ब्यालेट र ओपेराको लागि बारम्बार कार्यहरूको रचना गर्छन्। विगतमा होल्म (Holm) र तामिरिस (Tamiris)जस्ता आधुनिक नृत्यकारहरूले ब्रोडवे (Broadway) को लागि नृत्य-निर्देशन गरे; आज ब्रोडवे (Broadway) मा आधुनिक नृत्यले नयाँ तरिकाले प्रभाव पार्छ किनभने ट्वाइला थार्प (Twyla Tharp), गार्थ फागन (Garth Fagan), Karole Armitage र बिल टि. जोनस् (Bill T. Jones) ले सङ्गीतहरूको लागि पुरस्कार जित्ने खालका नृत्यहरूको रचना गरिरहेका छन्।

आज, धेरै अद्भुत नृत्य-निर्देशकहरू र कम्पनीहरू--मार्था ग्राहाम (Martha Graham), मर्स कनिङ्गहाम (Merce Cunningham), पौल टेलर (Paul Taylor), बिल टि. जोन्स् (Bill T. Jones)/आर्नि जेन (Arnie Zane), ट्वाइला थार्प (Twyla Tharp), मार्क मोरिस

BAM

(Mark Morris), ट्रिसा ब्राउन (Trisha Brown) र एल्भिन ऐलि (Alvin Ailey)--ले प्रभाव पार्ने कार्यलाई जारी राखेका छन्। आधुनिक नृत्यका सयौँ नृत्य-निर्देशकहरूले संयुक्त राज्यमा र विदेशमा कामको रचना गर्छन्। स्मरणीय अमेरिकी आधुनिक नृत्य निर्माताहरूमा Susan Marshall, Sarah Michelson, Bebe Miller, John Jasperse, Eiko & Koma, Wally Cardona, Jane Comfort, David Parsons, David Dorfman, Liz Lerman, Annie B-Parson, Stephen Petronio, Tere O'Connor, Reggie Wilson, Yanira Castro, Miguel Gutierrez, Nora Chipaumire, Kyle Abraham, Aszure Barton, Brian Brooks, Rashaun Mitchell, Liz Gerring, Cynthia Oliver, Yasuko Yokoshi र थुप्रै पर्दछन्।

आज अन्तर्राष्ट्रिय आदान-प्रदानले द्रुत गति लिएको छ, जसले नृत्यको दुनियाँलाई सम्पन्न बनाइरहेको छ। अमेरिकी नृत्यमा प्रभाव पार्नेहरूमा जापानी बुटो (Japanese Butoh), जर्मन टान्जथिएटर (German tanztheater), प्राचीन भारतीय नृत्य, विनियाँ नृत्य र केपोइरा पर्दछ। आधुनिक काला नृत्य निर्देशकहरूले अफ्रिकी कम्पनीहरूको सहकार्यमा आफ्नो कार्यक्षेत्रलाई विस्तार गरेका छन्।

निष्कर्ष: (CONCLUSION:) आधुनिक नृत्य के हो? (WHAT IS MODERN DANCE?)

यस शब्दावली आधुनिक नृत्यले शैलीहरू र विषय वस्तुको एउटा विस्तृत विविधतालाई सम्मिलित गर्छ; केही प्रसङ्गहरू वा विशेषताहरू यसको इतिहासमा दोहोरिन्छन्। के कुरा प्रकट हुन्छ भन्दाआधुनिक नृत्य चाल सङ्ग्रह वा शैलीभन्दा अधिक एउटा दृष्टिकोणको कुरा हो। केही सामान्य चाल प्राथमिकताहरू छन्--टोर्सोको अर्थपूर्ण सम्भाव्यता वा गुरुत्वाकर्षणबाट विपरीत जानुको सट्टा त्यसलाई स्वीकार गर्ने--तर यी समेत सर्वव्यापी होइनन्। आधुनिक नृत्यलाई सङ्ग्रहको निपुताको आधारमा नभएर अभिव्यक्तिको माध्यमको रूपमा परिभाषित गरिन्छ। नवीनता, व्यक्तिगत र/वा सांस्कृतिक पहिचान र सामाजिक प्रसङ्गहरू गुञ्जायमान प्रसङ्गहरू हुन्।

नृत्य निर्देशन गर्ने उत्प्रेरणा केवल चल्नको लागि कथा भन्नको लागि वा केही कुरा दर्शाउनको लागि हुन सक्छ। विधाले प्राविधिक प्रवीणता र प्राकृतिक, दैनिक चालहरू सम्मिलित गर्छ। आधुनिक नृत्यले अन्य संस्कृतिहरूको विचार र प्रभावहरूलाई सम्मिलित गर्छ। यसको इतिहासले नै स्पष्ट पार्छ कि आधुनिक नृत्य आफूलाई परिवर्तन र पुन: आविष्कार गर्दै, नयाँ अर्थ, आत्माभिव्यक्ति तथा नवीनतालाई सम्मान गर्दै निरन्तर गतिमा रहन्छ किनभने यसले मानव अवस्थालाई प्रभावकारी ढङ्गले प्रकाशमा ल्याउँछ। ट्वाइला थार्पले यसको सार प्रस्तुत गर्नुहुन्छ: "आधुनिक कम छैन, आधुनिक बढी छ। यो गरिएका सबै कार्यहरू र निम्नको योगदानको जोड हो।

## सन्दर्भहरू


एकोसेला (Acocella), जोआन (Joan)। *मार्क मोरिस* (Mark Morris)। न्यू योर्क: The Noonday Press, 1983, pp. 65-66

Acocella, Joan. *Mark Morris.* New York: The Noonday Press, 1983, pp. 65-66

बेकोन (Bacon), जुल (Julie) "Tracing the Language of Bill T. Jones." *The Drama Review*, भोल्यूम 49, नम्बर 2 (T186) 2005 को ग्रीष्म।

Bacon, Julie. "Tracing the Language of Bill T. Jones." *The Drama Review*, Volume 49, Number 2 (T186) Summer 2005.

बेन्स (Banes), स्यालि (Sally)। Terpsichore in Sneakers: Post-Modern Dance. बोस्टन: हौटन मिल्फिन कम्पनी (Houghton Mifflin Company), 1979.

Banes, Sally. *Terpsichore in Sneakers: Post-Modern Dance*. Boston: Houghton Mifflin Company, 1979.

कास (Cass), जोआन (Joan)। *Dancing through History.* न्यू जर्सी: Prentice-Hall, Inc., 1993.

Cass, Joan. *Dancing through History*. New Jersey: Prentice-Hall, Inc., 1993.

कनिङ्हयाम (Cunningham), मर्स (Merce) (जेक्विलिन लेस्काइभ (Jacqueline Lesschaeve) सँगको वार्तालापमा)। *The Dancer and the Dance.* न्यूयोर्क: Marion Boyars Inc., 1985.

Cunningham, Merce (in conversation with Jacqueline Lesschaeve). *The Dancer and the Dance*. New York: Marion Boyars Inc., 1985.

डिफ्रान्टज (DeFrantz), थोमस (Thomas)। *Dancing Revelations: Alvin Ailey's Embodiment of African American Culture*. न्यूयोर्क: अक्सफोर्ड युनिभर्सिटी प्रेस, 2004.

DeFrantz, Thomas. *Dancing Revelations: Alvin Ailey's Embodiment of African American Culture*. New York: Oxford University Press, 2004.

माजो (Mazo), जोसेफ एच. (Joseph H.) *Prime Movers: The Makers of Modern Dance in America*. न्यूयोर्क: William Murrow and Company, Inc., 1977.

Mazo, Joseph H. *Prime Movers: The Makers of Modern Dance in America.* New York: William Murrow and Company, Inc., 1977.

PBS आठ-भागको श्रृङ्खला Dancing। *Dancing #7 "The Individual and Tradition*. जोओफ डनलप (Geoff Dunlop) र जेन एलेक्जेन्डर (Jane Alexander) द्वारा निर्मित। Telescript by Gerald

BAM

Jonas & Rhoda Grauer; story by Rhoda Grauer; host and narrator, Raoul Trujillo., 1993.
PBS Eight-Part Series *Dancing. Dancing #7* "The Individual and Tradition. Produced by Geoff Dunlop and Jane Alexander. Telescript by Gerald Jonas & Rhoda Grauer; story by Rhoda Grauer; host and narrator, Raoul Trujillo., 1993.

पेनरड (Penrod), जेम्स (James) र जेनिस गुडे प्लास्टिनो (Gudde Plastino)। *The Dancer Prepares: Modern Dance for Beginners.* 1998, इर्भाइन (Irvine): मेफिल्ड पब्लिसिङ कम्पनी (Mayfield Publishing Company), 1998।
Penrod, James and Janice Gudde Plastino. *The Dancer Prepares: Modern Dance for Beginners*. 1998, Irvine: Mayfield Publishing Company, 1998.

Perpener, John O. III. अफ्रिकन-अमेरिकी कन्सर्ट नृत्य: *The Harlem Renaissance and Beyond*। 2001, उर्बाना (Urbana) र सिकागो: University of Illinois Press, 2001.
Perpener, John O. III. *African-American Concert Dance: The Harlem Renaissance and Beyond*. 2001, Urbana and Chicago: University of Illinois Press, 2001.

Reynolds, Nancy and Malcolm McCormick. नो फिक्स्ड पोइन्टस्: बिसौँ शताब्दीमा हुने नृत्य। न्यू आश्रय: एले युनिभर्सिटी प्रेस।, 2003.
Reynolds, Nancy and Malcolm McCormick. *No Fixed Points: Dance in the Twentieth Century*. New Haven: Yale University Press., 2003.

www.trishabrowncompany.org/